# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक






❒ वर्ष : २६ ❒ अंक : २९ ❒ शुक्रवार, ३० असोज, २०८३ ❒ Friday, 16 Oct 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रू. १०


## तिब्बती भाषा पढाउन भारत लैजाँदै गरेका २५ बालबालिकाको उद्धार




❒ काँक्रेविहार संवाददाता

सुर्खेत, २९ असोज

तिब्बती भाषा अध्ययनका लागि कञ्चनपुरको गड्डाचौकी नाका भएर भारतको देहरादुन लैजाँदै गरिएका २५ जना बालबालिकाको सीमा क्षेत्रबाट उद्धार गरिएको छ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले १० वर्षमुनिका २५ बालबालिकालाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले नेपाल फर्काएको जानकारी दिए।

“हुम्लाको सिमकोटका बालबालिकालाई वनबासास्थित एसएसबीको चेकपोस्टले नेपाल फर्काएको छ”, उनले भने, “ती बालबालिका अहिले इलाका प्रहरी कार्यालय गड्डाचौकीमा छन् थप बुझ्ने काम भइरहेको छ।”

हुम्लाको सिमकोट गाउँपालिका-८ का बालबालिकालाई पञ्चविर बुढाले भारत लैजाँदै गरेका थिए। कञ्चनपुर प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको छ।

# यसपटक चाडमा कर्णालीमा खाद्यान्न अभाव नहुने, ८१ वितरण केन्द्रबाट गाउँ-गाउँमा आपूर्ति




❒ चाँदनी कठायत

सुर्खेत, २९ असोज

विगतका वर्षमा दसैं-तिहार नजिकिँदै गर्दा खाद्यान्न अभाव र ढुवानी समस्याले पिरोलिने कर्णालीवासीले यस वर्ष सहज रुपमा चाडपर्व मनाउन पाउने भएका छन्। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड कर्णाली प्रदेश प्रादेशिक कार्यालय सुर्खेतले चाडपर्वलाई लक्षित गरी समयमै खाद्यान्न ढुवानी र पर्याप्त मौज्दातको व्यवस्था गरेपछि यस वर्ष प्रदेशभर खाद्यान्न अभाव हुन नदिने जनाएको छ। दुर्गमका गाउँबस्तीसम्म खाद्यान्न पुऱ्याउन वितरण केन्द्रको संख्यासमेत २१ बाट बढाएर ८१ पुऱ्याइएको छ भने उपभोक्तालाई सहुलियत मूल्यमा खाद्यान्न उपलब्ध गराउन सुपथ मूल्य पसल वर्षैभरि सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

चाडपर्वका बेला खाद्यान्नको माग बढ्ने, सडक अवरुद्ध हुँदा ढुवानी प्रभावित हुने र बजारमा मूल्यवृद्धि हुन सक्ने जोखिमलाई ध्यानमा राख्दै कम्पनीले यस वर्ष आपूर्ति व्यवस्थापनलाई प्राथमिकता दिएको हो। विगतका वर्षमा साउन महिनामा खोलिने खाद्यान्न ढुवानीसम्बन्धी टेन्डर यस वर्ष जेठमै खोलिएकाले समयमै अधिकांश जिल्लामा खाद्यान्न पुऱ्याउन सहज भएको कार्यालयले जनाएको छ।

कार्यालय प्रमुख केशवराज बुढाका अनुसार स्थानीय उत्पादनले वर्षभरि माग धान्न नसक्ने माथिल्लो कर्णालीका हिमाली तथा दुर्गम जिल्लाका अधिकांश वितरण केन्द्रमा चाडपर्वअघि नै खाद्यान्न पुऱ्याएर आवश्यक मौज्दात राखिएको छ। ‘स्थानीय उत्पादनले वर्षभरि माग धान्न नसक्ने माथिल्लो कर्णालीका हिमाली तथा दुर्गम जिल्लामा चाडपर्वअघि नै खाद्यान्न पुऱ्याएका छौँ,’ उनले भने, ‘अधिकांश वितरण केन्द्रमा आवश्यक मौज्दात राखिएको छ। सुर्खेतस्थित प्रादेशिक कार्यालयमा पनि पर्याप्त खाद्यान्न तथा बाँकी पृष्ठ २

### प्रदेशभर १३ हजार क्विन्टल चामल मौज्दात

कम्पनीले उपलब्ध गराएको विवरणअनुसार हाल कर्णाली प्रदेशमा १३ हजार क्विन्टल चामल, ६४० क्विन्टल दाल, २४ हजार लिटर खानेतेल र ४५० क्विन्टल चिनी मौज्दात छ। कर्णालीका नागरिकलाई सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउन यस वर्ष एक करोड ४० लाख ५३ हजार रुपैयाँ छुट रकम विनियोजन गरिएको छ। आवश्यकताअनुसार अन्य कार्यालयबाट समेत खाद्यान्न आपूर्ति गर्न सकिने व्यवस्था मिलाइएको कार्यालय प्रमुख बुढाले बताए।

यसैबीच, खाद्यान्नको सहज आपूर्तिसँगै उपभोक्तालाई सहुलियत मूल्यमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउन कम्पनीले यस वर्षदेखि सुपथ मूल्य पसल वर्षैभरि सञ्चालन गर्ने नीति लिएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड कर्णाली प्रदेश प्रादेशिक कार्यालय, गोदामलाइन सुर्खेतले २०८३ साउन २८ गतेदेखि नै सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको हो। विगतका वर्षमा दसैं-तिहार लक्षित निश्चित अवधिका लागि मात्रै सञ्चालन हुने यस्ता पसल यस वर्षदेखि वर्षभरि सञ्चालन हुनेछन्। पसलमा चामल, दाल, कर्णालीको सिमी, चिनी तथा विभिन्न प्रकारका खानेतेल छुटसहित बिक्री भइरहेको छ।

### चामलको मूल्य घट्यो, खानेतेल महँगियो

कम्पनीले यस वर्ष बजार मूल्यको उतारचढावअनुसार सुपथ मूल्य पसलमा बिक्री हुने खाद्य वस्तुको मूल्य परिमार्जन गरेको छ। गत वर्षको तुलनामा अरुवा मोटा चामलको २५ किलोको बोराको मूल्य एक हजार ४२५ रुपैयाँबाट घटाएर एक हजार ४०० रुपैयाँ र अरुवा सोना मन्सुली चामलको मूल्य एक हजार ४७५ रुपैयाँबाट घटाएर एक हजार ४२५ रुपैयाँ कायम गरिएको छ।

यस्तै, गत वर्षको तुलनामा स्टिम जिरा मसिनो चामलको २५ किलोको बोराको मूल्य दुई हजार ७५ रुपैयाँबाट बढाएर दुई हजार १२५ रुपैयाँ पुऱ्याइएको छ। १० लिटरको पेटीमा सूर्यमुखी तेलको मूल्य दुई हजार ३२० रुपैयाँबाट बढाएर दुई हजार ९५० रुपैयाँ, सोयाबिन तेलको मूल्य दुई हजार २८० रुपैयाँबाट बढाएर दुई हजार ८०० रुपैयाँ र तोरी तेलको मूल्य दुई हजार २३० रुपैयाँबाट बढाएर दुई हजार ६५० रुपैयाँ कायम गरिएको छ।

यस वर्ष चिनी प्रतिकिलो ११० रुपैयाँमा उपलब्ध छ। कर्णालीको सिमी प्रतिकिलो २१० रुपैयाँ र मल्का मसुरो दाल प्रतिकिलो १४० रुपैयाँमा बिक्री भइरहेको छ। सिमी र दालमा प्रतिकिलो पाँच रुपैयाँ छुट समावेश गरिएको छ। कम्पनीले चामल तथा दालमा पनि वस्तु र बिक्री एकाइअनुसार छुटको व्यवस्था गरेको छ भने खाने तेलमा प्रतिपेटी ५० रुपैयाँसम्म छुट उपलब्ध गराएको जनाएको छ।

समयमै खाद्यान्न ढुवानी, पर्याप्त मौज्दात, वितरण केन्द्र विस्तार र वर्षैभरि सञ्चालन हुने सुपथ मूल्य पसलमार्फत चाडपर्वका बेला खाद्यान्न अभाव हुन नदिने तथा उपभोक्तालाई सहुलियत मूल्यमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने लक्ष्य कम्पनीले राखेको छ।

## दुई महिनामा झण्डै साढे ४ खर्ब भित्रियो रेमिट्यान्स

❒ काँक्रेविहार संवाददाता

काठमाडौं, २९ असोज

चालु आर्थिक वर्षको दुई महिनामा नेपालमा झण्डै ४ खर्ब रेमिट्यान्स भित्रिएको छ। नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको स्थिति प्रतिवेदनले चालु आर्थिक वर्षको दुई महिनामा विप्रेषण आप्रवाह २३.९ प्रतिशतले वृद्धि भई ४३६ अर्ब ३६ करोड पुगेको देखाएको हो।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३३.१ प्रतिशतले बढेको थियो। २०८३ भदौ महिनामा विप्रेषण आप्रवाह २२१ अर्ब ३१ करोड रहको छ।



अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह १७४ अर्ब ६७ करोड रहेको थियो।

समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) ४६९ अर्ब ४४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ३८४ अर्ब ८८ करोड रहेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ७८ हजार ३२० र पुनः श्रम स्वीकृति लिनेको संख्या ५२ हजार १६३ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ९० हजार १९८ र ४५ हजार ८८४ रहेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ।

## भेरीगंगाका दुई गाउँ ‘जलवायु उत्थानशील गाउँ’ घोषणा

❒ विनोद घिमिरे

सुर्खेत, २९ असोज

भेरीगंगा नगरपालिकाका दुई गाउँलाई ‘जलवायु उत्थानशील गाउँ’ घोषणा गरिएको छ। सहास नेपालद्वारा सञ्चालित जलवायु उत्थानशील गाउँ (सीआरभी) परियोजनाअन्तर्गत भेरीगंगा नगरपालिका-१२ को मृगेडाँडा र वडा नम्बर २ को जब्दी गाउँलाई जलवायु उत्थानशील गाउँ घोषणा गरिएको हो।



भेरीगंगा नगरपालिकाको जलवायु उत्थानशील गाउँ घोषणा निर्देशिका, २०८३ ले निर्धारण गरेका १४ वटा सूचकका आधारमा गरिएको मूल्याङ्कनमा दुवै गाउँले ८० प्रतिशतभन्दा बढी अंक प्राप्त गरेपछि निर्धारित मापदण्ड पूरा गरेको आधारमा घोषणा गरिएको हो। जलवायु परिवर्तनका असर न्यूनीकरण, विपद् जोखिम व्यवस्थापन, कृषि प्रणालीमा सुधार तथा स्थानीय समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको परियोजनाले गाउँस्तरमा जलवायु उत्थानशील अभ्यास प्रवर्द्धन गर्दै आएको छ।

परियोजनामार्फत स्थानीय समुदायलाई जलवायु परिवर्तन, विपद् व्यवस्थापन तथा उत्थानशील कृषिसम्बन्धी तालिम प्रदान गर्नुका साथै प्लास्टिक घरमा बेमौसमी तरकारी खेती, जैविक मल उत्पादन तथा प्रयोग, उन्नत बीउको उपयोग, नर्सरी स्थापना, सिँचाइ व्यवस्थापन र वर्षात्को पानी संकलनजस्ता अभ्यासमा सहयोग गरिएको छ। यसैगरी सुधारिएको चुलो, पानी फिल्टर तथा मौसमसम्बन्धी पूर्वसूचना प्राप्त गर्न एसएमएस सेवाको प्रयोगलाई समेत प्रोत्साहन गरिएको परियोजनाले जनाएको छ।

गाउँ घोषणा गर्दै भेरीगंगा नगरपालिकाका नगर प्रमुख यज्ञप्रसाद ढकालले जलवायु परिवर्तनका असरबाट सुरक्षित रहन स्थानीय समुदायको तयारी र अनुकूलन क्षमता बढाउनु आवश्यक रहेको बताए। उनले गत भदौ १० गतेको बाढीपहिरोको घटनालाई स्मरण गर्दै जलवायु परिवर्तनका कारण उत्पन्न हुने विपद्ले जनधन तथा विकास निर्माणमा गम्भीर असर पार्न सक्ने भएकाले पूर्वतयारी, सचेतना र जोखिम न्यूनीकरणका उपायलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए।

नगर प्रमुख ढकालले मृगेडाँडा र जब्दी गाउँलाई जलवायु उत्थानशील गाउँ घोषणा गरिनु अन्य गाउँका लागि पनि सिकाइको केन्द्र बन्ने बताए। स्थानीय सरकार गठन भएयता नागरिकसँग गरिएका प्रतिबद्धता क्रमशः पूरा गर्दै विकासका काम अघि बढाइएको उल्लेख गर्दै उनले शिक्षा, कृषि र नागरिकको जीवनस्तर सुधारका क्षेत्रमा परिवर्तन ल्याउने प्रयास भइरहेको बताए। कृषकको उत्पादन र आम्दानी बाँकी पृष्ठ ४

## सम्पादकीय

# कर्णाली पर्यटन : सम्भावना धेरै, उपलब्धि सीमित

कर्णाली प्राकृतिक सौन्दर्य, ऐतिहासिक सम्पदा, धार्मिक आस्था र मौलिक संस्कृतिले भरिपूर्ण प्रदेश हो । रारा ताल, शे-फोक्सुण्डो, काँक्रेविहार, स्यार्पु, कुपिण्डे दह, सिंजा र लिमी उपत्यकाजस्ता गन्तव्यले कर्णालीलाई पर्यटनको प्रचुर सम्भावना भएको क्षेत्रका रुपमा चिनाएका छन् । पछिल्लो सात वर्षमा १६ लाखभन्दा बढी पर्यटक कर्णालीका विभिन्न गन्तव्यमा पुग्नु सकारात्मक उपलब्धि हो । तर, पर्यटकको सङ्ख्या बढ्दैमा पर्यटन क्षेत्रको अपेक्षित विकास भएको मान्न सकिँदैन । मुख्य प्रश्न पर्यटकको आगमनलाई स्थानीय अर्थतन्त्र, रोजगारी र समृद्धिसँग कति जोड्न सकियो भन्ने हो ।

कर्णाली प्रदेश सरकारले पर्यटन प्रवर्द्धनका लागि बजेट बढाउँदै लगेको छ । चालु आर्थिक वर्षमा पर्यटन क्षेत्रमा ५३ करोड ८६ लाख रुपैयाँ विनियोजन गर्नु र पर्यटन दशकको अवधारणा अघि सार्नु सकारात्मक कदम हुन् । तर, बजेट विनियोजन र योजना घोषणा मात्र पर्याप्त हुँदैनन् । पर्यटकीय गन्तव्यसम्म पुग्ने सडकको अवस्था, सुरक्षित आवास, स्वच्छ खानेपानी, गुणस्तरीय खाना, सञ्चार सुविधा र आपत्कालीन सेवाको अभाव कायम रहेसम्म पर्यटन विकासले अपेक्षित गति लिन सक्दैन । कर्णालीको पर्यटन विकासको अर्को महत्वपूर्ण पक्ष स्थानीय समुदायको सहभागिता हो । पर्यटकको आगमनले ठूला व्यवसायीलाई मात्र लाभ पुग्ने होइन, स्थानीय किसान, होटल व्यवसायी, होमस्टे सञ्चालक, हस्तकला उत्पादक र युवाले पनि रोजगारी तथा आम्दानीको अवसर पाउनुपर्छ । रैथाने बालीबाट बनेका परिकार, स्थानीय कला-संस्कृति र मौलिक जीवनशैलीलाई पर्यटनसँग जोड्न सके आर्थिक लाभ गाउँसम्म पुग्न सक्छ ।

त्यसैगरी, पर्यटन प्रवर्द्धनका नाममा प्राकृतिक सम्पदाको संरक्षणलाई बेवास्ता गर्नु हुँदैन । रारा र शे-फोक्सुण्डोजस्ता संवेदनशील क्षेत्रमा फोहोर व्यवस्थापन, जैविक विविधताको संरक्षण र पर्यटकको चाप व्यवस्थापनलाई प्राथमिकता दिनुपर्छ । विकासका संरचना निर्माण गर्दा वातावरणीय सन्तुलन कायम गर्नु अनिवार्य छ । अब प्रदेश सरकारले पर्यटन दशकलाई नारामा सीमित नराखी स्पष्ट कार्ययोजना, समयसीमा र परिणाममुखी कार्यान्वयनमा जोड दिनुपर्छ । बजेटको प्रभावकारी उपयोग, गन्तव्यबीच पर्यटन सञ्जाल, नियमित प्रचारप्रसार र सेवाको गुणस्तर सुधार आवश्यक छ । कर्णालीसँग पर्यटक आकर्षित गर्ने सम्पदा पर्याप्त छन् । अब ती सम्पदालाई दिगो आम्दानी, स्थानीय रोजगारी र समृद्धिको आधार बनाउने जिम्मेवारी सरकार र समुदाय दुवैको हो । यसका लागि निजी क्षेत्रसँग सहकार्य बढाउँदै पर्यटन व्यवसायमा लगानीमैत्री वातावरण निर्माण गर्नु पनि उत्तिकै आवश्यक छ । पर्यटकको बसाइ अवधि लम्ब्याउने, खर्च बढाउने र पुनः आगमन सुनिश्चित गर्ने कार्यक्रम ल्याउनुपर्छ । योजनाको नियमित अनुगमन र उपलब्धिको सार्वजनिक समीक्षा गर्न सके मात्र कर्णालीको पर्यटन सम्भावना वास्तविक समृद्धिमा रूपान्तरण हुनेछ ।

## यसपटक...

दैनिक उपभोग्य वस्तु छन् । आवश्यक परे अन्य कार्यालयबाट समेत आपूर्ति गर्न सकिने व्यवस्था मिलाएका छौं ।'

खाद्यान्न वितरणलाई सदरमुकाममा मात्र सीमित नराखी गाउँबस्तीसम्म पुऱ्याउने उद्देश्यले कम्पनीले यस वर्ष वितरण केन्द्रको सङ्ख्या २१ बाट बढाएर ८१ पुऱ्याएको छ । स्थानीय माग र आवश्यकताका आधारमा केन्द्र थपेर वितरण प्रणाली विकेन्द्रित गरिएको कार्यालयले जनाएको छ । कम्पनीका अनुसार कालीकोटमा १४, हुम्लामा १३, मुगु, डोल्पा र जाजरकोटमा १२-१२, जुम्लामा सात, रुकुम पश्चिममा पाँच, दैलेखमा चार र सुर्खेतमा दुईवटा वितरण केन्द्र सञ्चालनमा छन् ।

'पहिले सीमित ठाउँबाट खाद्यान्न वितरण हुँदा टाढाका बस्तीका नागरिकलाई समस्या हुने गरेको थियो,' उनले भने, 'स्थानीयको माग र आवश्यकताका आधारमा वितरण केन्द्र थपेर ८१ पुऱ्याएका छौं । यसले दुर्गमका नागरिकलाई खाद्यान्न खरिद गर्न सहज बनाउने अपेक्षा गरेका छौं ।' कार्यालयका अनुसार हुम्लामा दसैंअघि नै खाद्यान्न पुऱ्याइएको छ भने सिमकोट शाखा तथा सर्केगाड र श्रीनगर डिपोमा समेत खाद्यान्न मौज्दात राखिएको छ । सडक अवरुद्ध भएका कारण मुगुको मुगुम कार्मारोङको एक स्थान र बाजुराको मुक्तिकोटमा भने खाद्यान्न ढुवानी हुन सकेको छैन । यी स्थानबाहेक अन्य क्षेत्रमा खाद्यान्न पठाइसकिएको कार्यालयले जनाएको छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

# यो दसैँमा चिउराको बोट कस्तो हुन्छ भनेर आफ्नो बच्चालाई सिकाऔँ



✍ विद्यानाथ कोइराला

विद्यालय जाने हतारो र गृहकार्यको चटारोबाट यो दसैँमा बालबालिका केही दिनका लागि भए पनि फुर्सदिला भएका छन् । यो बिदामा धेरै जना गाउँ जानुहुन्छ, कतिपय शहरमै बस्नुहुन्छ । जहाँ भए पनि चाडबाडमा हुने यस्ता लामा बिदा आफ्ना नानीबाबुले विद्यालयमा नसिकेका र नबुझेका थुप्रै कुरा सिकाउने र बुझाउने अवसर पनि हो ।

किनकि शहरकेन्द्रित हुँदा धेरै बालबालिकाले दूध कहाँबाट आउँछ, धान कसरी फल्छ भन्नेजस्ता सामान्य कुरा नै थाहा नहुँदा चिउराको रुख कस्तो हुन्छ भनेर सोध्ने अवस्था आएको छ ।

शहरबाट बालबच्चालाई गाउँघरमा लिएर जाँदा धेरैलाई यस्तो अनुभव पनि भएको छ । बागलुङका एक सज्जन मित्रले आफ्नो नानीबाबु लिएर गाउँ जानुभएछ । अनि सोध्नुभएछ, 'बाबु दूध कहाँबाट आउँछ ।'

छोराले पसलबाट प्लास्टिकमा आउँछ भनेपछि होइन, हजुरबुवाले दुहुनुहुन्छ, हेर त भनेर देखाउनुभएछ ।

त्यस्तै, अनुभव मैले एकपटक दैलेखमा पनि गरेको छु । काठमाडौंको एक प्रतिष्ठित विद्यालयका कक्षा ११ र १२ मा पढ्ने विद्यार्थीहरूलाई दैलेख लगिएको थियो । त्यहाँ पुगेपछि उनीहरूलाई तिमीहरूले के देख्यौ भनेर सोध्दा उनीहरूले कस्तो फोहोर रहेछ भन्ने खालको जवाफ दिए ।

त्यो बेला मैले भनेँ, 'के तिमीहरूले केही पनि राम्रो देखेनौ ? तिमीहरूको दिमागमा फोहोर मात्रै भरिएको छ कि के हो भनेर चुनौती गरेपछि उनीहरूले कस्तो मज्जाले गाउँका सकारात्मक पक्षहरू उजागर गरे । गाउँघरको मेलमिलाप, साथीभाइबीचको आत्मीयताजस्ता थुप्रै कुरा भने । त्यसैले यो दसैँको बिदालाई रमाइलोसँगै बालबालिकालाई पढ्ने कला पनि सिकाउन सकिन्छजस्तो मलाई लाग्छ ।

उदाहरणका लागि दसैँमा जमरा त राखियो । तर, जमरा केबाट राखिन्छ ? जमरा जौको मात्रै राखिन्छ कि अरु कुराको पनि राखिन्छ । जमरा बालुवामै राख्नुको कारण के हो ? भनेर बुझाउन सकियो । उम्रिएका जमरा हेर्दै नानीबाबुहरू उत्साहित पनि हुन्छन् र सिकाउन खोजेको कुरा सिक्छन् पनि ।

अर्को भनेको 'देवी सर्वभूतेषु शक्ति रुपेण संस्थिता' भनिन्छ । यो दसैँमा किन देवीको मात्रै प्रार्थना गरियो, किन देवताको गरिएन भन्ने कुराहरू पनि बालबालिकालाई सिकाउन सकिन्छ । किन देवीको मात्रै दसैँमा प्रार्थना गरियो भन्दा देउतासँग त्यो शक्ति हुँदो रहेनछ, जुन देवीसँग हुँदो रहेछ भनेर भन्न सकिन्छ ।

यो पाटो उनीहरूलाई रमाइलो तरिकाले सिकाउँदा र बुझाउँदा महिला सशक्तीकरणको भाषाबाट उनीहरूले अर्को किसिमको चिन्तन पाउन सक्छन् । हामीलाई अहिले महिला सशक्तीकरण बाहिरबाट हाल्नुपर्छ भन्ने छ । तर, महिला र पुरुष एकअर्काका पूरक हुन् भन्ने कुरा त यही उपासनामा पनि देखिन्छ । यो हिसाबले शिक्षकले पनि उनीहरूलाई गृहकार्य दिन सक्छन् ।

यसबाट विद्यार्थीहरूले रमाइलो कुरा पनि जान्दछन् भने पढाइ पनि हुन्छ । साथै गहिरिन, पुर्खासँग जोडिन पनि सक्छन् ।

**बजारसँग जोड्ने कला**

अर्को भनेको बालबालिकालाई बजारसँग जोड्ने किसिमको कला पनि सिकाउन सकिन्छ अर्थात् पैसा कमाउने कला भनौँ न ।

पहिलापहिला खासै देखिँदैनथ्यो, तर पछिल्ला केही वर्षयता काठमाडौंमा जमरा नै पनि उमारेर बेच्नका लागि राखेको देखिन्छ । भनेपछि त पैसा त त्यहाँबाट पनि हुँदो रहेछ । यो एउटा बालबालिकाले पैसा कमाउने नयाँ आइडिया सिक्न सक्छन् ।

कतिपयले त्यही जमराबाट जुस बनाएर बेच्ने गरेको पनि पाइन्छ । त्यो जुसका फाइदाहरू बुझाउँदै जुस बेच्नेहरूकोमा बिहानबिहान लाइन नै देखिन्छ ।

यो कुरालाई बालबालिकालाई जौको पोषणको कुरा उनीहरूलाई बुझाउन सकिन्छ । धेरैले वास्तै नगरेको तर महत्वपूर्ण यो कुराबाट आफ्ना नानीबाबुलाई ज्ञानसँगसँगै पैसा कमाउने कला पनि सिकाउन सकिन्छ ।

**गाउँलाई यसरी बुझाउन सकिन्छ**

आजकाल धेरै मानिसहरू शहरकेन्द्रित भएका छन् । दसैँको बेलामा धेरै जना शहर छोडेर गाउँ जान्छन् । उनीहरूका लागि त झन् अर्को सम्भावना पनि छ ।

शहरीकरण बढ्दै जाँदा शहरमा समस्याहरू बढ्दै गएका छन् । तर, गाउँ भने खाली छन् । खाली गाउँलाई कसरी उपयोग गर्न सकिन्छ होला ? गाउँमा के-के उत्पादन हुन्छ ? गाउँका सुन्दर ठाउँहरू के-कस्ता छन् ? पर्यटकको सम्भावना कस्तो छ ? कुन-कुन ठाउँमा पर्यटकहरू पुग्न सक्छन् ।

उनीहरूले गाउँबाट के कुरा चाहिँ किनेर आफ्नो साथमा ल्याउन सक्छन् भन्ने कुरा बालबालिकालाई रमाइलो हिसाबले बुझाउन सकियो भने उनीहरूले गाउँको महत्व कति रहेछ भनेर बुझ्न, गाउँ बेकार होइन रहेछ भन्ने कुरा पनि उनीहरूको दिमागमा पर्न थाल्छ ।

वल्लो घरकाले पल्लो घरका मानिस नचिन्ने शहरमा बसेका तपाईंका नानीबाबुहरूलाई यी सबै कुरा देखाउनुभयो र यसको महत्व पनि बुझाउनुभयो भने पक्कै पनि उनीहरूले सामाजिक मेलमिलाप के हो भनेर सिक्न सक्छन् ।

गाउँमा पनि उत्पादन गर्न सकिने रहेछ, गाउँ पनि सम्भावना बोकेको ठाउँ बन्न सक्ने रहेछ भन्ने कुरा बालबालिकाले थाहा पाउँछन् । गाउँघरका रमाइला ठाउँहरू घुम्दैडुल्दै यस्ता कुराहरूका बारेमा जान्दा बालबालिकाले अर्को किसिमको ज्ञान पाउन सक्ने सम्भावना हुन्छ ।

**पिङको संस्कृति**

हुन त आजकाल गाउँघरमा पनि टीभी र मोबाइल पुगेको छ । शहरबाट गाउँ पुगेहरू अलिअलि फुर्सद भयो भने यतैतिर रमाउन थाल्छन् ।

तर, तपाईं भने अलिक फरक केही गर्न चाहनुहुन्छ भने आफ्ना बालबच्चालाई परम्परागत खेलहरू पनि खेलाउन र त्यसबारेमा बुझाउन सक्नुहुन्छ ।

गाउँघरमा अझै पनि बाबियोले बाटेर हालेका पिङहरू हुन्छन् । धेरै मानिसहरू जम्मा भएर पिङ खेल्छन् । शहरबाट गाउँ पुगेका बालबालिकालाई पिङको संस्कृति बुझाउन सकिन्छ । पहाडमा कस्तो पिङ हुन्छ, हिमालमा कस्तो पिङ हुन्छ र मधेशमा कस्तो खेल्छन् ?

त्यही पिङ पश्चिमतिर पुग्दा कसरी आधुनिक पिङका रुपमा विकसित भएको छ भन्ने कुरा जोडेर आफ्ना नानीबाबुहरूलाई पिङको रमाइलोसँगै बाबियोले बाटेको पिङदेखि डिज्निल्यान्डमा खेलिने पिङहरूका बारेमा समेत बुझाउन सकिन्छ ।

बालबालिकाले हाम्रो पुर्खाको चलनचल्तीमा केही कुरा थप्दा त्यसले नयाँ रूप लिने रहेछ भन्ने कुराको ज्ञान पनि पाउन सक्छन् ।

हरेक समुदायको संस्कार र संस्कृति फरक छ । दसैँमा नै पनि कतिपय समुदायको घरमा सुँगुर र राँगोको मासु पाक्न सक्छ भने कतिपयको घरमा खसी र कुखुराको मासु पाक्छ । कतिपयले माछामासु नै खानु हुन्न । त्यसैले धार्मिक वा समुदायगत रूपमा चाडबाडको समयमा पाक्ने पकवानका कुराहरू पनि आफ्ना बालबच्चालाई भन्न सकिन्छ ।

भन्दा र सुन्दा अचम्म लाग्न सक्छ, तर आजकालका कैयौं बालबालिकालाई दूध कहाँबाट आउँछ, घरको कुकरमा पाक्ने चामल कसरी फल्छ भन्नेजस्ता कुराहरू किताबमा बाहेक आफ्नै आँखाले देख्न पाएका हुँदैनन् ।

पहिलोपटक देख्दा उनीहरूलाई त्यो कुरा नराम्रो पनि लाग्न सक्छ । तर, यहीँभित्रका राम्रो पक्ष के-के छन् भनेर उनीहरूलाई विभिन्न तरिकाले सिकाउन सकिन्छ ।

किनकि दसैँको बेलामा गाउँघरको रौनक नै छुट्टै हुन्छ । परदेशिएकाहरू गाउँ आउँछन् । एउटा घरको परदेशी आउँदा सारा गाउँमा खुसी छाउँछ । गाउँभरिका बालबच्चालाई चकलेट, मिठाई ल्याइदिन्छन् । सबै जना मिलेर बस्छन् । काम पनि अर्मपर्म गरेर गर्छन् । एउटालाई पर्दा सारा गाउँ मिलेर सरसहयोग गर्छन् । साथीभाइ मिलेर खेल्छन् । एकले अर्कोलाई आफ्नो घरमा बोलाउँछन् ।

वल्लो घरकाले पल्लो घरका मानिस नचिन्ने शहरमा बसेका तपाईंका नानीबाबुहरूलाई यी सबै कुरा देखाउनुभयो र यसको महत्व पनि बुझाउनुभयो भने पक्कै पनि उनीहरूले सामाजिक मेलमिलाप के हो भनेर सिक्न सक्छन् ।

प्रायः गरी यो बेला आफ्नो पुर्ख्यौली घरमा बालबालिका हुने हुँदा शहरमै पनि बालबालिकाहरूलाई खेतीबालीका कामहरू वा सानो घर क्षेत्र रहेको भए करेसाबारी, कौसी खेतीका कामहरू सिकाउने अवसरका रूपमा पनि यो बिदालाई प्रयोग गर्न सकिन्छ ।

यस हिसाबले दसैँलाई प्रयोग गर्दै गाउँ र शहरबीचको दूरी मेटाउन के गर्न सकिन्छ भनेर उनीहरूले आइडिया लगाउन सक्छन् ।

**चिउराको बोट कस्तो हुन्छ भनेर सोध्ने अवस्था छ**

आजकाल धेरै बालबालिकालाई धान कसरी फल्छ, खेतीपाती कस्तो हुन्छ केही पनि थाहा नै हुँदैन । शहरका बालबालिकाले चिउराको बोट कस्तो हुन्छ भनेर सोधे भने अचम्म नमान्दा हुन्छ । किनकि उनीहरूलाई थाहै हुँदैन ।

दसैँको बेला नेपालका कैयौं ठाउँहरूमा खेतमा धान काट्ने बेला भएको हुन्छ । खेतको आलीमा भटमास, मासको दाललगायत लगाइएको हुन्छ । यो हेर्दा उनीहरूले हाम्रो संस्कृतिमै इन्टरक्रपिङ छ भन्ने कुराहरू पनि थाहा पाउँछन्, जसबाट उनीहरूले हाम्रा पुर्खाहरू मूर्ख थिएनन् । यस्ता कुरा हाम्रो संस्कृतिमै थिए भन्ने कुराहरू बिस्तारै बुझ्छन् पनि ।

साथै, नानीबाबुलाई खेतमा लैजाने, खेतमा पानी कसरी लगाउने, पानी कहाँबाट आउँछ, कति पानी लगाउँदा बालीलाई पर्याप्त हुन्छ भन्नेजस्ता कुराहरू देखाउन सकिन्छ, जसबाट उनीहरूले खेतीपाती, पानी लगाउने प्रक्रियादेखि बाली भित्र्याउने कुरासम्म देख्न र बुझ्न पाउँछन् ।

चिउराकै कुरामा पनि त चिउरा कसरी बन्छ भन्ने कुरा उनीहरूलाई सम्भव भए प्रत्यक्ष देखाउन सकिन्छ । कतिपय ठाउँमा अहिले पनि ढिकीमा चिउरा कुटिन्छ । कति ठाउँमा मिलमा होला । कसरी ढिकीहुँदै चिउरा मिलमा कुट्न थालियो ? यी दुईमा कुटेको चिउरामा के फरक छ, स्वाद कस्तो हुन्छ भन्ने सामान्य कुराहरू थाहा पाउँछन् ।

यो किसिमबाट गयो भने बालबालिकाको सिर्जनशीलता पनि हुन्छ । शिक्षकलाई पनि नयाँनयाँ ज्ञान प्रणालीभित्र आउँछ ।

# पहिलोपटक बिजुली पुग्दा स्थानीय खुसी

काँक्रेविहार संवाददाता

सल्यान, २९ असोज

सल्यानको कालिमाटी गाउँपालिका वडा नं.-७ स्थित घुइयाबारी, बाटुले गाउँ र ज्यामिरे खोली टोलमा यसपटकको दसैं विशेष बनेको छ।

वर्षौंअघिको प्रतीक्षापछि यसपटक दसैंमा उमंगसँगै पहिलोपटक घरघरमा विजुलीको उज्यालो छाएपछि स्थानीयबासीका लागि यसपटकको दसैं विशेष बनेको हो। गाउँमा विद्युत पुगेपछि स्थानीय गाउँलेहरूले यसपटकको दसैं उज्यालोमा मनाउने भएका हुन्।

यी बस्तीका एक सय ३० घरमा विद्युत मिटर जडान गरी सेवा सञ्चालनमा ल्याइएको छ। यसअघि ९७ घरपरिवारमा विद्युत पुगेको थियो। स्थानीय हरि आरसीले विद्युत सेवा विस्तार भएका गाउँमा खुसीयाली छाएको बताए।

पछिल्लो विस्तारसँगै घुइयाबारी, बाटुले गाउँ र ज्यामिरे खोली टोलमा पूर्ण विद्युतीकरण भएको वडाध्यक्ष मित्रलाल रिजालले जानकारी





दिए।

उनका अनुसार वडाका अन्य बस्तीमा भने अझै विद्युत विस्तार हुन बाँकी छ। र्याङ, तल्लो बाटुले, सल्यानथरी, हाउखोला, स्वामिबास र कुसुनतरा लगायतका बस्तीमा विद्युत् पुर्‍याउने काम भइरहेको छ। सबै काम समयमै सम्पन्न भए मङ्सिरसम्म वडाका सबै घरधुरीमा विद्युत पुर्‍याउने लक्ष्य रहेको वडाध्यक्ष रिजालले बताए।

"वर्षौंदेखि विद्युतको प्रतीक्षामा रहेका बस्तीमा अहिले बत्ती बल्न थालेको छ। बाँकी बस्तीमा पनि मङ्सिरसम्म विद्युत् पुर्‍याउने लक्ष्य राखेका छौं," उनले भने।

नेपाल विद्युत् प्राधिकरण सल्यान वितरण केन्द्रका अनुसार बाँकी बस्तीमा पनि सम्भव भएसम्म तिहारअघि नै विद्युत सेवा पुर्‍याउने तयारी छ। हाल उक्त क्षेत्रमा एसियाली पूर्वाधार लगानी बैंक अन्तर्गतको आयोजनामार्फत काम भइरहेको छ।

निर्माणको काम सम्पन्न गरी प्राधिकरणलाई जानकारी गराएपछि लाइन चार्ज गरेर परीक्षण गरिने र परीक्षण सफल भएमा विद्युत आपूर्ति सुरु गर्न सकिने सल्यान वितरण केन्द्रले जनाएको छ।

वडा नं. ७ सहित अन्य विभिन्न वडाहरूमा पनि धमाधम विद्युतीकरणको काम भइरहेको गाउँपालिकाले जनाएको छ।

पोल, तार विस्तार गर्ने काम भइरहेको र हाल विद्युतीय संरचना जडान तथा विस्तार गरिएको बस्तीमा लाइन चार्ज गरेर सेवा सञ्चालन गरिएमा पालिकाभरी करिब ८५ देखि ९० प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुग्ने गाउँपालिकाका अध्यक्ष दानबहादुर केसीले जानकारी दिए।

विद्युत विस्तारका लागि घुइयाबारी क्षेत्रमा पोल र तार पुगेको करिब आठ वर्षसम्म पनि स्थानीयले विद्युत उपभोग गर्न पाएका थिएनन्।

कालिमाटी गाउँपालिका-६ र ७ मा वि.सं. २०७५ र २०७७ मा वितरण लाइन विस्तार आयोजना अन्तर्गत करिब छ करोड रुपियाँ खर्च गरेर पोल, तार लगायतका संरचना निर्माण गरिएको बताइएको छ। तर सबस्टेसन र मुख्य प्रसारण लाइनसँग आवश्यक कनेक्टिभिटी नहुँदा संरचना निर्माण भएको वर्षौंसम्म पनि विद्युत आपूर्ति हुन सकेको थिएन।

नेपाल विद्युत प्राधिकरण सल्यान वितरण केन्द्रका प्रमुख नरेश रावलका अनुसार पुराना संरचनामध्ये आवश्यक संरचना प्रयोग गर्नुका साथै थप संरचना निर्माण र मर्मतसम्भार गरेर विद्युत सेवा सञ्चालनमा ल्याइएको हो। वर्षौंअघि संरचना बने पनि विद्युत आपूर्ति हुन नसक्दा विकासको प्रतीक्षामा रहेका स्थानीयले अहिले बल्ल त्यसको प्रत्यक्ष लाभ लिन थालेका छन्।

घरमा बत्ती बलेसँगै बालबालिकाको पढाइ, घरायसी कामकाज र दैनिक जीवन सहज हुने स्थानीयको अपेक्षा छ। सल्यान वितरण केन्द्रका अनुसार जिल्लामा हालसम्म करिब ७८ प्रतिशतभन्दा बढी क्षेत्रमा विद्युत् सेवा विस्तार भएको छ। बाँकी क्षेत्रमा समेत सेवा विस्तार गर्ने काम भइरहेको केन्द्रले जनाएको छ।

# सामुदायिक विद्यालयमा ६ अर्ब ५४ करोड लगानी, पहिलो चरणमा छानिए ८९ विद्यालय

काँक्रेविहार संवाददाता

काठमाडौं, २९ असोज

शिक्षा तथा खेलकुद मन्त्रालयले दुई हजारभन्दा बढी विद्यार्थी अध्ययनरत देशभरका १०९ वटा सामुदायिक विद्यालयलाई प्राथमिकतामा राखेर भौतिक पूर्वाधार विस्तारको महत्त्वाकांक्षी योजना कार्यान्वयनमा ल्याएको छ।



दुई हजारभन्दा बढी विद्यार्थी भएका १०९ वटा विद्यालयको भौतिक संरचना सुदृढीकरणका लागि कुल ६ अर्ब ५४ करोड रुपैयाँ बजेट विनियोजन गरिएको हो। यसमध्ये पहिलो चरणमा ८९ वटा विद्यालयको पहिचान गरी ५ अर्ब ३४ करोड रुपैयाँ निकासा भइसकेको छ।

प्रतिविद्यालय करिब ६ करोड रुपैयाँको लागतमा आधुनिक १२ कोठे तीनतले भवन, अत्याधुनिक प्रयोगशाला र समृद्ध पुस्तकालय निर्माण गर्ने गरी काम तीव्र पारिएको शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले बताए।

'पहिलो चरणमा ८९ वटा विद्यालयका लागि ५ अर्ब ३४ करोड रुपैयाँ निकासा गरी अत्याधुनिक १२ कोठे तीनतले भवन निर्माणको काम तीव्र गतिमा अघि बढाइरहेका छौं। प्रतिविद्यालय करिब ६ करोड रुपैयाँको लागतमा बन्ने यी भवनहरूमा आधुनिक कक्षाकोठा, व्यवस्थित प्रयोगशाला र समृद्ध पुस्तकालयको समेत व्यवस्था हुनेछ,' मन्त्री पोखरेलले भने, 'यसले विद्यार्थीहरूको सिकाइ वातावरणलाई अझ सुरक्षित, व्यवस्थित र प्रभावकारी बनाउनेछ भन्नेमा हामी पूर्ण विश्वस्त छौं।'

पहिलो चरणमा निकासा भएको ८९ वटा विद्यालयको विवरण विश्लेषण गर्दा ८९ मध्ये ३७ प्रतिशतभन्दा बढी अर्थात् ३३ वटा विद्यालय मधेश प्रदेशका परेका छन्।

मधेश प्रदेशको साक्षरता दर, शैक्षिक सूचकांक र सरकारी विद्यालयको गुणस्तर सुधारमा अझ संवेदनशील र गम्भीर भएर काम गर्नुपर्ने आवश्यकता रहेकाले बजेट तथा विद्यालय छनोटमा यस प्रदेशलाई उच्च प्राथमिकता दिइएको मन्त्रालयले जनाएको छ। मधेशका ठूला विद्यालयहरूमा पूर्वाधारको अभाव हटाएर पठनपाठनको वातावरण सुधार्नु नै सरकारको मुख्य लक्ष्य रहेको जनाइएको छ।

मधेश प्रदेशपछि लुम्बिनी र कोशी प्रदेशमा पनि ठूलो संख्यामा विद्यालयहरू परेका छन्। लुम्बिनी प्रदेशका २१ वटा विद्यालय पूर्वाधार विकासका लागि छनोट भएका छन्, जसमा रुपन्देहीका ८ र दाङका ६ वटा विद्यालय समावेश छन्।

त्यस्तै, कोशी प्रदेशबाट १८ वटा विद्यालय परेका छन्, जहाँ झापा र मोरङका ६-६ वटा विद्यालय सूचीकृत छन्।

अन्य प्रदेशहरूको हकमा सुदूरपश्चिम प्रदेशका ६ वटा विद्यालय (कैलालीका ३, कञ्चनपुर, दार्चुला र बाजुराका १-१ वटा) यस योजनामा परेका छन्। गण्डकी प्रदेशका ६ वटा विद्यालय (कास्कीका ३, नवलपरासी पूर्वका २ र तनहुँको १ वटा) छनोट भएका छन् भने कर्णाली प्रदेशका ३ वटा विद्यालय (सुर्खेतका २ र जुम्लाको १ वटा) परेका छन्। बागमती प्रदेशबाट भने दुईवटा विद्यालय मात्र परेका छन्।

# पूर्वसांसद् कठायत दशौं राष्ट्रिय खेलकुदको मूल आयोजक समिति सदस्य मनोनीत

काँक्रेविहार संवाददाता

काठमाडौं, २९ असोज

पूर्वसांसद् एवं रास्वपाकी केन्द्रीय सदस्य विनिता कठायत कर्णाली प्रदेशमा हुने दशौं राष्ट्रिय खेलकुदको मूल आयोजक समिति सदस्य मनोनीत भएकी छन्। उनलाई शिक्षा तथा खेलकुदमन्त्री



सस्मित पोखरेलले मूल आयोजक समितिको सदस्यमा मनोनयन गरेका हुन्। दशौं राष्ट्रिय खेलकुद आगामी मंसिर १६ देखि २७ गतेसम्म कर्णाली प्रदेशको विभिन्न जिल्लामा सञ्चालन हुँदैछ।

गत प्रतिनिधि सभा निर्वाचनमा रास्वपाबाट जुम्लामा निर्वाचन लडेकी कठायत पराजित भएकी थिइन्। अघिल्लो कार्यकालमा समानुपातिक सांसद बनेकी उनी रास्वपाकी केन्द्रीय सदस्य हुन्।

शुभकामना

विजयादशमी, शुभ दीपावली, नेपाल संवत तथा छठ पर्व २०८३ को पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण गाउँ पालिकावासी जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, व्यवसायी, किसान, श्रमिक तथा आम नागरिकमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं।

सुरक्षित यात्रा गरौं
- सवारी चढ्दा सवारी साधनको अवस्था जाँच गरौं।
- चालकले तोकिएको गति र क्षमताको पूर्ण पालना गरौं।
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं।
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं।
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं।
- क्षमताभन्दा बढी यात्रु नबोकौं।
- आफ्नो सवारी साधनको अवस्था जाँच गरी आवश्यक विश्राम लिने गरौं।
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं।
- दुर्घटना हुनसक्ने सवारी साधनको अवस्था भएमा यात्रा नगरौं।

खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं
- खाद्य पदार्थ खरिद गर्दा म्याद गुज्रिएको उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा हेर्ने गरौं।
- स्वाद नलागेका, ढुसी लागेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं।
- प्याकेजिङ क्षतिग्रस्त, कुहिएको वा अस्वस्थ अवस्थामा रहेका खाद्य पदार्थ खरिद/बिक्री नगर्ने।
- शङ्कास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं।
- मिठाई, मासु, दूधजन्य तथा मिठो चिजका खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं।
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं।
- गुणस्तरहीन वा म्याद गुज्रेका खाद्य पदार्थ बिक्री/वितरण गरेको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

भीम प्रसाद भट्टराई, प्रमुख प्रशासकीय अधिकृत
निलकण्ठ खनाल, उप-प्रमुख
मोहनमाया ढकाल, नगर प्रमुख

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

शुभकामना

विजयादशमी, शुभ दीपावली, नेपाल संवत तथा छठ पर्व २०८३ को पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण गाउँ पालिकावासी जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, व्यवसायी, किसान, श्रमिक तथा आम नागरिकमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं।

खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं
- खाद्य पदार्थ खरिद गर्दा म्याद गुज्रिएको उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा हेर्ने गरौं।
- स्वाद नलागेका, ढुसी लागेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं।
- प्याकेजिङ क्षतिग्रस्त, कुहिएको वा अस्वस्थ अवस्थामा रहेका खाद्य पदार्थ खरिद/बिक्री नगर्ने।
- शङ्कास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं।
- मिठाई, मासु, दूधजन्य तथा मिठो चिजका खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं।
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं।
- गुणस्तरहीन वा म्याद गुज्रेका खाद्य पदार्थ बिक्री/वितरण गरेको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

सुरक्षित यात्रा गरौं
- सवारी चढ्दा सवारी साधनको अवस्था जाँच गरौं।
- चालकले तोकिएको गति र क्षमताको पूर्ण पालना गरौं।
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं।
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं।
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं।
- क्षमताभन्दा बढी यात्रु नबोकौं।
- आफ्नो सवारी साधनको अवस्था जाँच गरी आवश्यक विश्राम लिने गरौं।
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं।
- दुर्घटना हुनसक्ने सवारी साधनको अवस्था भएमा यात्रा नगरौं।

कैलाश बहादुर ठकुराठी, प्रमुख प्रशासकीय अधिकृत
देवका लामिछाने, उप-प्रमुख
डम्मर बहादुर रावत, नगर प्रमुख

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट, कर्णाली प्रदेश, नेपाल

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

## भेरीगंगाका...

बढाउँदै उनीहरूको जीवनस्तर उकास्न स्थानीय सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको उनको भनाइ थियो। उनले जलवायु उत्थानशील अभ्यासलाई व्यवहारमा उतार्दै अन्य समुदायले पनि यसबाट सिक्नुपर्ने बताए।

नगर उपप्रमुख धनसरा बोहराले दुई गाउँलाई जलवायु उत्थानशील गाउँ घोषणा गरिनु स्थानीय समुदायका लागि ऐतिहासिक उपलब्धि भएको बताइन्। जलवायु परिवर्तनको असरबाट कृषि, खानेपानी, जनजीवन र वातावरणमा पर्न सक्ने जोखिम न्यूनीकरण गर्न समुदायस्तरमै सचेतना र व्यावहारिक अभ्यास आवश्यक रहेको उनको भनाइ थियो। परियोजनामार्फत सिकेका सीप र प्रविधिलाई व्यवहारमा निरन्तर प्रयोग गर्न सके मात्रै घोषणाको सार्थकता रहने उल्लेख गर्दै उनले यसको दिगोपनाका लागि नगरपालिका, वडा कार्यालय, सहास नेपाल, स्थानीय समूह र समुदायबीच निरन्तर सहकार्य हुनुपर्नेमा जोड दिइन्। उनले स्थानीयस्तरमा सुरु गरिएका राम्रा अभ्यासलाई निरन्तरता दिँदै अन्य गाउँमा समेत विस्तार गर्नुपर्ने बताइन् ।कार्यक्रमका सभाध्यक्ष तथा भेरीगंगा नगरपालिका-१२ का कार्यवाहक वडा अध्यक्ष इन्द्रलाल गिरीले जलवायु उत्थानशील गाउँ घोषणा हुनु स्थानीय समुदायको सक्रियता, सिकाइ र सामूहिक प्रयासको परिणाम भएको बताए। जलवायु परिवर्तनका असर स्थानीयस्तरमै अनुभव हुन थालेको अवस्थामा कृषकलाई अनुकूलनका उपाय सिकाउनु, विपद्को जोखिमबारे सचेत बनाउनु र उपलब्ध स्रोतसाधनको दिगो उपयोग गर्न प्रेरित गर्नु महत्त्वपूर्ण रहेको उनको भनाइ थियो। उनले घोषणा प्राप्त गरेका गाउँमा सञ्चालन भएका गतिविधिलाई निरन्तरता दिन तथा समुदायले सिकेका ज्ञान र सीपलाई दैनिक व्यवहारमा लागू गर्न सबै पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिए।

भेरीगंगा नगरपालिका-२ का वडा अध्यक्ष चिरञ्जीवी बुढाले जलवायु उत्थानशील गाउँका रूपमा विकास गर्न स्थानीय समूह र समुदायले देखाएको सक्रियताको प्रशंसा गरे। उनले समूहमा आबद्ध नागरिकलाई सिकेका सीप र अभ्यासलाई निरन्तरता दिन आग्रह गर्दै वडा कार्यालयबाट आवश्यक समन्वय र सहयोग उपलब्ध गराउन आफू प्रतिबद्ध रहेको बताए। जलवायु परिवर्तनका असर न्यूनीकरण र कृषकको जीवनस्तर सुधारका लागि समुदायको सहभागिता महत्त्वपूर्ण हुने उनको भनाइ थियो।

कार्यक्रममा सहभागी तुलबहादुर विकले सहास नेपालले जलवायु परिवर्तनका असर, कृषि उत्पादन सुधार, सरसफाइ तथा व्यावहारिक प्राविधिक ज्ञानका विषयमा महत्त्वपूर्ण जानकारी दिएको बताए। तालिमबाट सिकेका कुराले खेतीपातीलाई व्यवस्थित बनाउन र कृषकको उन्नतिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उनले यस्ता कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय सरकारबाट थप साथ र सहयोगको अपेक्षा रहेको बताए।

त्यस्तै, सहभागी कमला सारु मगरले मौसम र सिजनअनुसार खेती गर्ने अभ्यासले स्थानीयको जीविकोपार्जन सहज बनाउन सहयोग पुगेको बताइन्। परियोजनाबाट सिकेका सीप र प्रविधि प्रयोग गर्दा कृषि कार्यलाई व्यवस्थित गर्न तथा परिवारको जीवनस्तर सुधार गर्न टेवा पुगेको उनको भनाइ थियो। जलवायु परिवर्तनका कारण खेतीपातीमा पर्न सक्ने असरको सामना गर्न यस्ता कार्यक्रम उपयोगी हुने विश्वास व्यक्त गर्दै उनले सिकेका अभ्यासलाई निरन्तरता दिने बताइन्।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/३०**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री उदय बहादुर खत्री** धनी रहेको, **दर्ता नम्बर** ९५४०/०७९/०८० बाट **चिङ्गाड-४, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री खत्री कषि पशुपालन फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

शुभकामना

विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षाप्रेमी महानुभावहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

यी पर्वहरूले आपसी सद्भाव, भाइचारा, प्रेम, सहिष्णुता र सामाजिक एकतालाई थप सुदृढ बनाउँदै ज्ञान, विवेक, सकारात्मक सोच र मानवीय मूल्यको विकास गर्न प्रेरणा प्रदान गरून्। चाडपर्वले सबैको जीवनमा नयाँ उत्साह, उमङ्ग र खुसी ल्याउँदै शैक्षिक उन्नति तथा उज्ज्वल भविष्य निर्माणका लागि प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछौं ।

याम बहादुर श्रेष्ठ
प्रधानाध्यापक

जन नमुना माध्यमिक विद्यालय
वीरेन्द्रनगर-६, सुर्खेत परिवार

शुभकामना

विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, उद्यमी, लगानीकर्ता, उपभोक्ता तथा आम नागरिकमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

उपलब्ध सेवाहरू

होण्डा मोटरसाइकलको आधिकारिक विक्रेता

प्रो : भद्र भण्डारी

न्यु बुलबुले अटो सेल्स
वीरेन्दनगर -६, जुम्ला रोड सुर्खेत

शुभकामना

विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षाप्रेमी महानुभावहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

यी पर्वहरूले आपसी सद्भाव, भाइचारा, प्रेम, सहिष्णुता र सामाजिक एकतालाई थप सुदृढ बनाउँदै ज्ञान, विवेक, सकारात्मक सोच र मानवीय मूल्यको विकास गर्न प्रेरणा प्रदान गरून् । चाडपर्वले सबैको जीवनमा नयाँ उत्साह, उमङ्ग र खुसी ल्याउँदै शैक्षिक उन्नति तथा उज्ज्वल भविष्य निर्माणका लागि प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछौं ।

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय
वीरेन्द्रनगर-६, सुर्खेत परिवार

शुभकामना

विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, उद्यमी, लगानीकर्ता, उपभोक्ता तथा आम नागरिकमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

उपलब्ध सेवाहरू

हामीकहाँ विभिन्न ब्राण्डका स्टिल तथा फर्निचरका सामानहरू सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि व्यवस्था रहेको छ।

प्रो : राजु गहतराज

राजु फर्निचर उद्योग एण्ड स्टिल फर्निचर
वीरेन्द्रनगर-६, खोर्केलाइन सुर्खेत

शुभकामना

विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, उद्यमी, लगानीकर्ता, उपभोक्ता तथा आम नागरिकमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

उपलब्ध सेवाहरू

सिमेन्ट, छड तथा निर्माण सामग्री, जस्तापाता, पाइप तथा फिटिङ, धारा, ट्याङ्की तथा सेनेटरी सामग्री, पेन्ट, ब्रस तथा रङरोगनका सामग्री, किला, स्क्रु, तार तथा हार्डवेयर सामान, ताला, ह्यान्डल तथा विभिन्न फिटिङ सामग्री, विद्युतीय तार, स्विच तथा आवश्यक सामग्री, औजार तथा निर्माणमा प्रयोग हुने उपकरण प्लम्बिङ तथा मर्मतसम्भारका सामग्री

प्रो. शिवप्रसाद न्यौपाने

सिद्धार्थ हार्डवयर एण्ड सप्लायर्स प्रा.लि
वीरेन्द्रनगर-६, चाइनापुल, सुर्खेत

शुभकामना

विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षाप्रेमी महानुभावहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

यी पर्वहरूले आपसी सद्भाव, भाइचारा, प्रेम, सहिष्णुता र सामाजिक एकतालाई थप सुदृढ बनाउँदै ज्ञान, विवेक, सकारात्मक सोच र मानवीय मूल्यको विकास गर्न प्रेरणा प्रदान गरून् । चाडपर्वले सबैको जीवनमा नयाँ उत्साह, उमङ्ग र खुसी ल्याउँदै शैक्षिक उन्नति तथा उज्ज्वल भविष्य निर्माणका लागि प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछौं ।

नैनसिंह खत्री
प्रिन्सिपल

सिद्धापाइला इङ्गिलिस मिडियम सेकेन्डरी स्कुल
वीरेन्द्रनगर-१०, सुर्खेत

शुभकामना

विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा कर्णालीवासीका साथै सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

सेवाहरू

- २४ सै घण्टा आकस्मिक (इमर्जेन्सी) सेवाः दक्ष चिकित्सक तथा नर्सिङ स्टाफद्वारा।
- विशेषज्ञ सेवाः विशेषज्ञ चिकित्सकहरूद्वारा दैनिक बिरामी जाँच (OPD)।
- डिजिटल एक्स-रे सेवा।
- रङ्गीन भिडियो एक्स-रे (कलर डप्लर) सेवा।
- १२ च्यानल ई.सी.जी. (ECG) सेवाः स्वचालित रिपोर्टिङ प्रणालीसहित।
- इकोकार्डियोग्राफीः मुटुको भिडियो एक्स-रे सेवा।
- अत्याधुनिक प्रयोगशाला (Lab) सेवा।
- शल्यक्रिया सेवाः सामान्य तथा जटिल प्रकृतिका सबै प्रकारका अपरेसनहरू। दूरबिन प्रविधिः दूरबिनद्वारा पित्तथैलीको सफल अपरेसन सेवा।
- हाडजोर्नी तथा नसा रोग सेवाः विशेषज्ञ सर्जनद्वारा जोर्नी फेर्ने, मेरुदण्डको उपचार तथा C-ARM मेसिनद्वारा हाडजोर्नी सम्बन्धी सम्पूर्ण अपरेसन।
- स्त्री तथा प्रसूति रोग सेवाः महिला रोग सम्बन्धी सम्पूर्ण उपचार तथा शल्यक्रिया।
- भर्ना सुविधाः ए.सी. (AC) जडित क्याबिनहरू, डिलक्स वार्ड तथा डिलक्स क्याबिनको व्यवस्था।
- २४ सै घण्टा एम्बुलेन्स सेवा।
- २४ सै घण्टा फार्मेसी (औषधि पसल) सेवा।
- पर्याप्त पार्किङको सुविधा।
- व्यवस्थित तथा सुविधासम्पन्न बिरामी वार्ड क्याबिनहरू।

सुर्खेत हस्पिटल प्रा.लि.
वीरेन्द्रनगर-३, जुम्लारोड, सुर्खेत
फोन नं. ०८३-५२५४१७

शुभकामना

विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, उद्यमी, लगानीकर्ता, उपभोक्ता तथा आम नागरिकमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

उपलब्ध सेवाहरू

हामीकहाँ विभिन्न प्रकारका औषधिहरू, स्वास्थ्य सम्बन्धी आवश्यक सामग्रीहरू, स्वास्थ्य सम्बन्धी आवश्यक परामर्श दिइन्छ।

प्रो. प्रेमबहादुर भण्डारी

सुपथ मेडिकल हल
वीरेन्द्रनगर-६, सुर्खेत

कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)